# स्थानीय तहमा एकिकृत विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

प्रस्तावना: रुवी भ्याली एकिकृत विकास कार्यक्रमलाई निरन्तरता दिँदै मानव विकास सूचकाङ्कमा पछाडी परेका थप स्थानीय तहमा एकिकृत विकास कार्यक्रम विस्तार गरी कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन भए बमोजिम स्थानीय तहमा एकिकृत विकास कार्यक्रम कार्यान्वयन कार्यविधि बनाई कार्यान्वयन गर्न आवश्यक भएकोले,

भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेशले प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११(२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यवधि बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "स्थानीय तहमा एकिकृत विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि भौतिक पूर्वाधार विकास मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले स्थानीय तहमा सञ्चालन गरिने पूर्वाधार तथा सहरी विकाससँग सम्बन्धी एकिकृत विकास कार्यक्रम सम्झनु पर्छ।

(ख) "कार्यक्रम कार्यान्वयन तथा अनुगमन समिति" भन्नाले दफा ७ बमोजिमको कार्यक्रम कार्यान्वयन तथा अनुगमन समिति सम्झनु पर्छ।

(ग) "निर्देशक समिति" भन्नाले दफा ६ बमोजिमको कार्यक्रम निर्देशक समिति सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले बागमती प्रदेशभित्रका स्थानीय तहमा एकिकृत विकास कार्यक्रम कार्यान्वयन गर्न छनौट भएका गाउँपालिका/नगरपालिकालाई सम्झनु पर्छ।

३. कार्यक्रमको लक्ष्य: यस कार्यक्रमको लक्ष्य देहायबमोजिम हुनेछ:-

(क) उत्थानशिल पूर्वाधारको निर्माण गर्ने।

(ख) शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशिल र दिगो बनाउने।

४. कार्यक्रमको उद्देश्य: यस कार्यक्रमको उद्देश्य देहायबमोजिम रहेका छन्:-

(क) आर्थिक विकास र मानव समृद्धि हासिल गर्न सबैका लागि किफायती र समतामूलक पहुँच हुनसक्ने गुणस्तरीय, दिगो, उत्थानशिल र भरपर्दो स्थानीय पूर्वाधारको निर्माण गर्ने।

(ख) सवैलाई धान्न सक्ने, सूरक्षित र प्रयास मात्रामा आवास तथा आधारभूत सेवाहरुमा पहुँच सुनिश्चित गर्ने तथा अव्यवस्थित वस्तीहरुको स्तरोन्नति गर्ने।

(ग) सबैको लागि सुरक्षित, धान्न सकिने, सुलभ र दिगो यातायात प्रणालीमा पहुँच प्रदान गर्ने तथा महिला, बालबालिका, अपांगता भएका व्यक्ति र वृद्धलगायत अरु जोखिममा परेका व्यक्तिहरुका आवश्यकतालाई विशेष ध्यान दिदै उल्लेखनीय किसिमले सडक सुरक्षा सुधार गर्न सार्वजनिक यातायात पूर्वाधार विस्तार गर्ने।

(घ) समावेशी र दिगो शहरीकरण तथा सहभागितामूलक एकीकृत र दिगो मानव वस्तीको योजना र व्यवस्थापनको लागि क्षमता वृद्धि गर्ने।

५. <u>कार्यक्रम कार्यान्वयन गरिने क्षेत्र:</u> यस कार्यक्रम अन्तर्गत प्रदेश सरकारको स्वीकृत वार्षिक कार्यक्रमबाट नेपाल सरकार वा स्थानीय तहबाट सञ्चालित कार्यक्रमसँग दोहोरो नहुने गरी निम्नानुसार कार्यान्वयन गरिनेछः-

(क) कार्यक्रम सञ्चालन हुने स्थानीय तहले पूर्वाधार विकाससँग सम्बन्धित कार्यक्रमहरूमा मात्र प्रस्ताव पेश गर्न सक्नेछन्।

(ख) यो कार्यक्रमबाट स्थानीय तहको केन्द्र जोड्ने वा वडा केन्द्र जोड्ने सडक, बजार केन्द्र, धार्मिक पर्यटकिय क्षेत्र जाने सडक, पिछडिएको समुदायको वस्ती व्यवस्थित विकास जस्ता विषय क्षेत्रसँग सम्बन्धित कार्यलाई पहिलो प्राथमिकतामा राखुपर्नेछ।

## परिच्छेद- २

## <u>संस्थागत व्यवस्था</u>

६. <u>कार्यक्रम निर्देशक समिति:</u> (१) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक नीतिगत निर्देशनको लागि देहायबमोजिमको एक कार्यक्रम निर्देशक समिति रहनेछः-

(क) मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश - अध्यक्ष

(ख) भौतिक पूर्वाधार हेर्ने सदस्य, प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश - सदस्य

(ग) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश - सदस्य

(घ) महाशाखा प्रमुख, भौतिक पूर्वाधार विकास मन्त्रालय (योजना, अनुगमन तथा वातावरण महाशाखा), बागमती प्रदेश - सदस्य

(ङ) महाशाखा प्रमुख, भौतिक पूर्वाधार विकास मन्त्रालय (प्रशासन महाशाखा), बामगती प्रदेश- सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) निर्देशक समितिले यस कार्यविधिको दफा ७ बमोजिमको कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

७. <u>कार्यक्रम कार्यान्वयन तथा अनुगमन समिति:</u> (१) यो कार्यक्रम कार्यान्वयन, समन्वय, सहजीकरण र अनुगमन गर्न देहायबमोजिमको समिति रहनेछः-

(क) प्रदेश सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश-संयोजक

(ख) अधिकृत नवौं तहको प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश - सदस्य

(ग) महाशाखा प्रमुखहरु, कार्यक्रमसँग सम्बन्धित मन्त्रालय -सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख, भौतिक पूर्वाधार विकास मन्त्रालय- सदस्य

(ङ) शाखा प्रमुख, योजना हेर्ने, भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश-सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिले निर्देशक समितिको आवश्यक निर्देशनमा कार्यक्रम कार्यान्वयनमा प्रदेश सरकारको तर्फबाट गर्नुपर्ने निर्देशन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यहरू गर्नेछ।

(३) कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिले कार्यक्रम कार्यान्वयनको सन्दर्भमा निर्देशक समितिलाई आवधिक रूपमा प्रतिवेदन गर्नेछ।

(४) उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद- ३

## कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

८. **स्थानीय तह छनौटको मापदण्ड र विधिः** (१) कार्यक्रम कार्यान्वयनका लागि प्रदेश नीति तथा योजना आयोग, हेटौंडाबाट प्रकाशित Local Human Development Report, 2019 बमोजिम बागमती प्रदेशभित्रका मानव विकास सूचकाङ्कमा सबैभन्दा पछि परेका स्थानीय तहको क्रमअनुसार प्रत्येक आर्थिक वर्षमा कार्यक्रम कार्यान्वयन हुने स्थानीय तहले कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिको सिफारिसमा निर्देशक समितिले छनौट गर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट भएका स्थानीय तहले मन्त्रालयले तोकेको समयमा योजना छनौट गरी पठाउनु पर्नेछ।

९. **बजेट तथा कार्यान्वयन प्रक्रियाः** (१) कार्यक्रम कार्यान्वयनको लागि प्रदेश नीति तथा योजना आयोग, हेटौंडाबाट प्रकाशित Local Human Development Report, 2019 बमोजिम प्रदेश भित्रका मानव विकास सूचकांकमा सबैभन्दा पछाडी परेका क्रमशःका तीनवटा स्थानीय तहहरुलाई छनौट गरिनेछ।

(२) उपदफा (१) बमोजिम छनौटमा परेका स्थानीय तहहरु मध्ये सबैभन्दा पछाडी परेका स्थानीय तहलाई ७० प्रतिशत र त्यसैगरी क्रमशः का बाँकी दुईवटा स्थानीय तहहरुलाई २० प्रतिशत र १० प्रतिशत हुने गरी बिनियोजित बजेटलाई रकम बाँडफाँड गरी कार्यान्वयन गरिनेछ।

(३) कार्यक्रमको कार्यान्वयन गर्दा आवश्यक भएमा सम्बन्धित स्थानीय तहले समेत लागत साझेदारी गर्न सक्नेछन्।

(४) निर्देशक समितिबाट छनौट भएका स्थानीय तहले चालु आर्थिक वर्षमा दफा ५ मा उल्लेख भए बमोजिम क्षेत्रका कम्तीमा ५० लाख र बढीमा १० वटा कार्यक्रमको प्रस्ताव पेश गर्नुपर्नेछ।

(५) दफा ९ को उपदफा (४) बमोजिम प्रस्ताव पेश गर्दा गाउँ/नगर कार्यपालिकाको निर्णय भएको हुनुपर्नेछ। उक्त निर्णय प्रस्तावसाथ पेश गर्नुपर्नेछ।

(६) कार्यक्रम सञ्चालनको लागि स्वीकृत कार्यक्रम मन्त्रालय मातहतका कार्यालय मार्फत सञ्चालन गरिनेछ।

(७) कार्यक्रम प्रस्ताव पेश गर्दा अनुसूची-१बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ।

(८) कार्यक्रम सञ्चालनको बजेट खर्च गर्ने, लेखा राख्ने तथा लेखापरीक्षण गराउने जिम्मेवारी कार्यक्रम कार्यान्वयन गर्ने निकायको हुनेछ।

१०. <u>तहगत समन्वय र सहकार्य:</u> (१) कार्यक्रम लागू भएको क्षेत्रमा तीनै तहका सरकारबाट सञ्चालन हुने कार्यक्रम दोहोरो नपर्ने गरी सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) कार्यक्रममा तीनै तहका सरकारहरू र स्थानीय नागरिक सहितको सहभागितात्मक लगानीलाई प्रोत्साहन गरिनेछ।

(३) कार्यक्रम कार्यान्वयनको सिलसिलामा सम्बन्धित स्थानीय तहले प्रचलित कानूनभित्र रही निजी क्षेत्रको सहभागितालाई समेत प्रोत्साहित गर्न सक्नेछन्।

११. <u>अनुगमन तथा मूल्याङ्कन:</u> (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया सामान्यतया: मौजुदा प्रदेशस्तरीय कार्यक्रम अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तथा मापदण्ड अनुरूप नै हुनेछ।

(२) कार्यक्रम अनुगमनको निम्ति सम्बन्धित स्थानीय तहले स्थानीयस्तरमा स्थानीय तह प्रमुखको संयोजकत्वमा विषय क्षेत्रगत कार्यालय प्रमुख र नागरिक समाजको प्रतिनिधि सहितको एकिकृत विकास कार्यक्रम अनुगमन तथा मूल्याङ्कन विशेष समिति निर्माण गर्नेछ।

(३) अनुगमन तथा मूल्याङ्कन गर्दा कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धिसँग सम्बन्धित निश्चित सूचकको आधारमा गरिनेछ।

(४) उपदफा (२) बमोजिमको समितिले कार्यक्रमको त्रैमासिक अनुगमन गरी दफा (७) बमोजिमको कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिमा उपदफा (३) बमोजिमको प्रतिवेदन पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदनको आधारमा कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी बनाउन गर्नुपर्ने कामको सन्दर्भमा कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिले सुझाव सहितको प्रस्ताव तयार गरी अनुमोदनको निम्ति निर्देशक समितिमार्फत प्रदेश सरकार समक्ष प्रस्तुत गर्नेछ।

बागमती प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय हेटौंडा, नेपाल

## परिच्छेद- ४
## <u>विविध</u>

१२. <u>प्रभावकारिताको अध्ययन:</u> मन्त्रालयले कार्यदल मार्फत कार्यक्रमको प्रभावकारिताको अध्ययन गराउन सक्नेछ। कार्यक्रमको लक्ष्य र उद्देश्यलाई आधार मानी गरिएको उक्त अध्ययनको सुझावका आधारमा मन्त्रालयले कार्यक्रमलाई थप प्रभावकारी बनाउन कार्यक्रमको स्वरूपमा आवश्यक परिमार्जन गर्न सक्नेछ।

१३. <u>कार्यक्रम खारेज हुन सक्ने:</u> कार्यक्रम लागू भएको स्थानीय तहले कार्यक्रमको उद्देश्य र कार्यविधि विपरीत काम गरेमा वा कार्यक्रमको पारदर्शितामा आँच आउने काम गरेमा त्यस्ता स्थानीय तहमा यो कार्यक्रम खारेज हुन सक्नेछ। साथै यस्तो परिस्थितिमा त्यस स्थानीय तहमा मन्त्रालय मार्फत जाने अन्य अनुदान वा कार्यक्रम सम्बन्धमा समेत पुनर्विचार गर्न सकिनेछ।

१४. <u>कार्यान्वयन सहजीकरण:</u> कार्यान्वयनलाई थप प्रभावकारी र सहज बनाउन यस कार्यविधिको व्याख्या आवश्यकता अनुसार मन्त्रालयले गर्न सक्नेछ।

१५. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएकाकुराहरू प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनबमोजिम नै हुनेछ।

अनुसूची-१
(दफा ९ को उपदफा (७) सँग सम्बन्धित)

## एकिकृत विकास कार्यक्रम माग गर्ने निवेदनको ढाँचा

| सि.नं. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन गर्ने स्थान | अनुमानित कुल लागत रु. | लाभान्वित जनसंख्या | सम्पन्न गर्न लाग्ने अनुमानित समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |
| | जम्मा | | | | | |

प्रमुख प्रशासकीय अधिकृतको:

दस्तखत:

पद:

मिति:

अमृत श्रेष्ठ
प्रदेश सचिव
५

२०८१/०८/२५
मा. अमन कुमार मास्के
मन्त्री